YUNNAN DAILY PRESS GROUP
云南日报报业集团
Issue No. 14

# CHINA · YUNNAN

YUNNANEXPRESS
english.yunnan.cn

JANA AASTHA NATIONAL WEEKLY
वर्ष २५, अंक ७, २०७६ साल वैशाख ११ गते बुधवार
YEAR 25, ISSUE 7, APRIL 24, 2019



आकर्षक युन्नान

# डिजिटल अर्थतन्त्रको ठूलो अवसर पक्रने युन्नानको चाहना

२०१९ को युन्नान प्रान्तीय सरकारी रिपोर्टमा यस वर्षमा ध्यान दिने १० कार्यहरूमध्ये एक विशेष अध्याय अलगै गरी 'डिजिटल युन्नान' को निर्माणको व्याख्या गरिएको छ। यसमा 'डिजिटल युन्नान' को निर्माणलाई सक्रिय, निरन्तर र स्थिर रूपमा अगाडि बढाउने, 'रंगीन युन्नान, क्लाउडमा सेवा' को नयाँ झ्याल सिर्जना गर्ने र 'क्लाउडमा क्लाउड' कार्य योजना लागू गर्ने उल्लेख गरिएको छ।

**डिजिटल अर्थतन्त्रको नीलो सागरलाई आलिंगन गरौँ**

अलिबाबा समूहद्वारा जारी '२०१८ चीनको डिजिटल अर्थतन्त्र विकासको रिपोर्ट' अनुसार, २०१८ मा युन्नानको डिजिटल अर्थको कुल बिक्री वृद्धिदर देशमा दोस्रो स्थानमा आएको छ र २०१७ को तुलनामा ४९.६% ले बढेको छ। हालमा चीनका धेरै जसो प्रान्तहरूले डिजिटल अर्थतन्त्रलाई विकासको प्राथमिकता दिएर सूचीबद्ध गरेका छन्। युन्नानले पनि डिजिटल अर्थतन्त्रको केकमा आँखा ताकेको छ। यस वर्षको फरवरीमा युन्नान प्रान्तीय सरकारले 'डिजिटल युन्नान' निर्माणको नेतृत्व गुट गठन गरेको थियो। यसका साथै, युन्नान प्रान्तले कर, राजकोष, वित्त, प्रतिभा, भूमि र अन्य पक्षमा सम्बन्धित उपायहरूको अध्ययन र तयार गरिरहेको छ।

२०, मार्चमा आयोजित '२०१९ डिजिटल इकोनोमी र युन्नानको नवचार विकास' उच्चस्तरीय फोरम एवं युन्नान डिजिटल इकोनोमी अनुसन्धान संस्थानको उद्घाटन समारोहमा युन्नान प्रान्तीय प्रमुख रुआन चेंगफाले डिजिटल अर्थव्यवस्था आगामी १० देखि २० वर्ष र यसभन्दा बढी लामो समयसम्ममा युन्नानको आर्थिक र सामाजिक विकासको मूल तत्व हुने बताए।

युन्नानले डिजिटल अर्थतन्त्रलाई बढाउन र उच्च गुणस्तरीय आर्थिक विकासको ठूलो फड्को मार्न स्रोतहरूको डिजिटाइजेसन, डाटाको औद्योगिकरण, उद्योगको डिजिटाइजेसन र दक्षिण एशिया एवं दक्षिण-पूर्व एशियाका लागि डिजिटल केन्द्र बनाउने कार्यमा ध्यान केन्द्रित गर्नेछ। 'युन्नानको डिजिटल अर्थव्यस्थाको श्रेष्ठता के हो भने खुला गर्नाका लागि आफ्नो क्षेत्रीय स्थान हो।' युन्नान विश्वविद्यालयका प्रोफेसर चाङ गोसुनले भने, युन्नान दक्षिण एसिया र दक्षिण-पूर्ण एसियाको नजिक छ। दक्षिण र दक्षिण-पूर्व एसियाका लागि डिजिटल आर्थिक क्षेत्र कसरी बनाउने युन्नानको डिजिटल आर्थिक विकासको एक महत्वपूर्ण अवसर हो।

**युन्नानको डिजिटल अर्थको धेरै क्षेत्रमा अधिक सफलता**

डिजिटल अर्थको विकासको सन्दर्भमा युन्नानले धेरै लाभकारी प्रयासहरू गरेको छ। धेरै क्षेत्रहरूमा प्रारम्भिक परिणाम पनि देखा परेका छन्। 'एउटै मोबाइल फोन सेवा' बाट आईडी कार्ड पुनः पेश गर्न आवेदन दिएपछि त्यही दिनमै समीक्षाको पास हुनसक्छ। यो कति सुविधाजनक छ!' मिले सहरकी नागरिक सुश्री लीले यस्तो उद्गार गरिन्।






जनतालाई सरकारी मामलाको सुविधा उपलब्ध गराउनको लागि यस वर्षको जनवरीमा युन्नान बुद्धिमान् सरकारी मामला एपीपी अर्थात् 'एउटै मोबाइल फोन सेवा' आधिकारी रूपमा लाइनमा खुलेको थियो। मार्चको अन्त्यमा त्यही लाइनमा जम्मै ३०७ मामलाहरू थिए र १३ लाख १० हजार भन्दा बढी दर्ता प्रयोगकर्ताहरू थिए। कुल ३१ लाख ८० हजार भन्दा बढी कारोबारहरू संभालिएका थिए। मार्च ३१ मा, यात्राको बुद्धिमान् प्लेटफर्म 'युन्नान भ्रमण' एपीपीले २० औं पुनरावृत्ति उत्पादन संस्करण २.९.० जारी गऱ्यो। नयाँ संस्करणले पर्यटकहरू टिकट किनेपछि प्राप्त क्यूआर कोडलाई डायनेमिक क्यूआर कोडमा अपग्रेड गरेको छ। यर्यटकहरूको आडरको सूचनालाई सुरक्षित गर्न र पार्कमा कोड स्कैन गरी भित्र पस्नका लागि हरेक ६० सेकेण्डको अवधिमा अपडेट हुने गर्दछ। नयाँ संस्करणको 'युन्नान भ्रमण' एपीपीमा आपतकालीन उद्धार मोड्युल पनि थपिएको छ, र गुणस्तर लाइन पनि अनुकूलित भएको छ। जसले गर्दा उपयोगकर्ताहरू आवश्यक लाइन खरिद गर्न सजिलै गरी चाँडै पत्ता लगाउन सक्छन्। अप्रिल १ सम्म 'युन्नान भ्रमण' एपीपीको प्रयोगकर्ताहरूको संख्या २० लाख भन्दा बढी पुग्यो। एप्लेट र एपीपी सेवाको कुल संख्या २ करोड भन्दा बढी थियो।

यस बाहेक, कुनमिङ, युसिई, दाली, लिजिआङ र अन्य शहरहरू ५ जी पायलट परियोजनाहरू बनाउँदैछन्। कृषि उत्पादन सुरक्षा अनुगमन प्रणाली, वातावरण बुद्धिमती निरीक्षण प्रणाली, शहर निगरानी प्रणाली आदि निर्माण कार्यहरू जनताको जीवनमा अझ बढी अधिग्रहण र आनन्दको अनुभवहरू उपलब्ध गर्दैछन्। (सिन्ह्वा नेट र युन्नान दैनिकबाट एकीकृत)

**• थप पढ्ने सामग्री**

**टेन्सेन्ट ग्लोबल डिजिटल इकोलोजी सम्मेलन मईमा कुनमिङमा आयोजित हुने**

मई २१ देखि २३ सम्म टेन्सेन्ट ग्लोबल डिजिटल इकोलोजी सम्मेलन एवं २०१९ युन्नान अन्तर्राष्ट्रिय स्मार्ट पर्यटन सम्मेलन कुनमिङमा आयोजित हुनेछ।

टेन्सेन्ट ग्लोबल डिजिटल इकोलोजी सम्मेलनले उद्योग पति, प्रविधि नेता र अन्तर्राष्ट्रिय रूपमा प्रसिद्ध डिजिटल आर्थिक अनुसन्धानकर्ताहरू समेटेर क्लाउड कम्प्युटिङ, एआई र ५ जी जस्ता प्रविधिद्वारा संचालित डिजिटल आर्थिक विकास प्रवृत्ति र उद्योग इन्टरनेटको विकास पथको अन्वेषण गर्नेछ।

२०१९ युन्नान अन्तर्राष्ट्रिय स्मार्ट टूर थीम कन्फरेन्सको थीम 'बुद्धिले जीवनलाई अझ राम्रो बनाउँछ' भन्ने हो। यो कन्फरेन्समा 'डिजिटल युन्नान' सम्बन्धी स्थितिको परिचय दिइने र स्मार्ट टूरको अग्रगामी प्रवृत्ति र सफलताहरूको साझेदारी गरिनेछ।

आदानप्रदान

## विद्युतीय उद्यमहरू दक्षिण एसियाका बजार खोल्न युन्नानको व्यवस्थापन

मार्चको अन्त्यमा, युन्नान प्रान्तीय वाणिज्य विभागको आयोजनामा युन्नानका उद्यमहरू पाकिस्तानमा आयात र निर्यातको वसन्त प्रदर्शनीमा भाग लिए। त्यसपछि बंगलादेश र नेपाल गएर अन्तर्राष्ट्रिय बजार खोल्नका लागि युन्नानका उद्यमहरू र उत्पादनहरूको प्रचार सम्मेलन पनि आयोजना गरे।

यस कार्यक्रममा युन्नान लिजिआङ जियानफु मेशिन समूह (लिमिटेड), युसी जियानफु समूहको मिसिन उपकरण (लिमिटेड), युन्नान युन्ने पावर समूह (लिमिटेड), युन्नान ऊर्जा लगानी कम्पनी (लिमिटेड) र अन्य धेरै कम्पनीहरूले कम्पनीको अवस्था र मूल उत्पादनहरूको परिचय दिएका थिए। आदानप्रदानको माध्यमबाट युन्नानका उद्यमहरूले दक्षिण एसियाली राष्ट्रका व्यापारीहरूलाई चिने र बजार खोल्नमा केही परिणाम प्राप्त गरे। यस यात्रामा युन्नानका उद्यमहरूले पाकिस्तान उद्योग र वाणिज्य संघ, कराची उद्योग र वाणिज्य संघ, बंगलादेश ढाका उद्योग र वाणिज्य संघ र अरू सम्बन्धित संस्थाहरूसँग भेट गरे, स्थानीय बजार र लगानीको आवश्यकताको गहिरो जानकारी लिए, विभिन्न पक्षसँग सम्पर्क प्रणाली स्थापना गरे र युन्नान प्रान्तीय मेसिन उद्योगहरू 'बाहिर जाने' गरी स्थानीय व्यवसाय विकास गर्नका लागि आधार बसाले। *(हान चेङयुआन )*

## कुनमिङदेखि पोखरासम्म सिधै हवाइ सेवा खुल्न अपेक्षित

केही दिन पहिले कुनमिङ अन्तर्राष्ट्रिय मित्र सहर पर्यटन एलायन्स प्रतिनिधिमण्डल नेपालको पोखरामा आए र नेपाल पर्यटन विभागअन्तर्गत गण्डकी प्रदेश कार्यालयसँग कुराकानी गरे। दुई पक्षले चिनियाँ भाषाको गाइडको प्रशिक्षण, कुनमिङदेखि पोखरासम्म सिधै उडानको उद्घाटन र उच्च गुणस्तरीय प्रोजेक्टहरूको लगानी प्रवर्द्धन आदि विषयहरूमा गहन आदानप्रदान गरेका थिए। नेपाल पर्यटन विभागद्वारा जारी गरिएको डाटाअनुसार २०१८ मा नेपालमा आएका विदेशी पर्यटकहरूको संख्या १.१७ मिलियन रिकार्ड पुग्यो। तिनमध्ये १ लाख ५० हजार भन्दा बढी चिनियाँ पर्यटकहरू आए र २०१७ को तुलनामा ४६.८% ले वृद्धि भयो। नेपाल पर्यटन विभागअन्तर्गत गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले भने, 'चिनियाँ फिल्म 'पवन पर्खंदै गर्दा' ले धेरै चिनियाँ पर्यटकहरूलाई पोखराबारे चिनाजानी गराएको छ। हालै नेपाल भ्रमण गर्ने चिनियाँ पर्यटकहरूमध्ये ९०% ले पोखरा भ्रमण जानुपर्छ।'

नेपाल भ्रमणका लागि चिनियाँ पर्यटकहरूको वृद्धिले नेपाल पर्यटन विकासलाई सकारात्मक भूमिका खेलेको छ। साथै यसको मतलब हो, बढीभन्दा बढी पर्यटक पेशेवर चाहिन्छ जो चिनियाँ भाषामा कुशल छन्। मणिराज लामिछानेले भने, 'हामी ५ वर्षभित्र २०० चिनियाँ गाइडको प्रशिक्षण दिन चाहन्छौँ। यस साल हामीले पहिले ४० चिनियाँ गाइड प्रशिक्षण योजनाको आधारमा फेरि ४० स्थानहरू थप गर्नेछौँ। यद्यपि चिनियाँ टूर गाइड प्रशिक्षण पहिलेदेखि नै चलिरहेको छ, तर हालै यसको अभाव अझै ठूलो छ। हामी धेरै आशा गर्दछौँ कि कुनमिङ अन्तर्राष्ट्रिय मित्र सहर पर्यटन एलायन्सको प्लेटफर्मबाट कुनमिङ र युन्नानसँग पर्यटन प्रतिभा प्रशिक्षणको सहयोग बलियो पार्न सक्छौँ।'

यस सम्बन्धमा, कुनमिङ अन्तर्राष्ट्रिय मित्र सहर पर्यटन एलायन्स सचिवालयका प्रासँगिक कर्मचारीले बताएअनुसार, एलायन्सले चाँडै विस्तृत सम्भावित प्रशिक्षण योजना तयार गर्नेछ र सकेसम्म चिनियाँ गाइड प्रशिक्षणमा सहयोग पुऱ्याउनेछ।

कर्मचारीको प्रशिक्षणको अतिरिक्त, सिधा उडानको उद्घाटन र पर्यटन परियोजनाको निवेश आकर्षण आदि विषयहरू पनि दुवै पक्षबीच आदानप्रदानको मुख्य बिन्दु हुन्। '२०२० नेपालको पर्यटन वर्ष हो। पोखरा नयाँ एयरपोर्ट २०२१ मा पूरा हुनेछ। वर्तमानमा हामी कुनमिङबाट पोखरासम्मको प्रत्यक्ष उडानको उद्घाटन गर्ने योजना बनाउँदै छौँ। पर्यटकहरूको स्रोत स्थलसँग कनेक्टिभिटी बढ्दै जाँदा कुनमिङ, युन्नान र दक्षिण-पश्चिमी चीनका पर्यटकहरू पोखरामा आकर्षित हुनेछन्।' मणिराज लामिछानेले भने। 'यसका साथै, कुनमिङ र युन्नानका कम्पनीहरू लगानीको लागि पोखरामा आउने हाम्रो आशा छ। *(कुनमिङ दैनिक पत्रकार, ली सिफान)*

पर्यटन

## रंगीन यात्राको शुरुआत युन्नान डिचिङ अञ्चलमा


अप्रिल ८ मा 'विश्वको शाङ्ग-ला' पर्यटन क्रान्ति एवं 'एक मोबाइल फोनबाट युन्नानको भ्रमण' अफलाइन उत्पादनको प्रेस सम्मेलन कुनमिङमा आयोजित भयो। यस सम्मेलनमा 'पर्यटन क्रान्ति' को हाल अवस्था, '२०१९ डिचिंग अंचलको पर्यटन क्रान्तिका नौ वटा ठूला परियोजनाका कार्यान्वयन विधि र 'एक मोबाइल फोनबाट युन्नानको भ्रमण' मा डिछिंग तिब्बती अंचलको अफलाइन ५ वटा उत्सवहरू, ६ वटा विषय भ्रमणहरू, ७ वटा स्वचालिका मार्गहरू, ८ वटा पैदल यात्रा मार्गहरू र ९ वटा ग्रामीण पर्यटक प्रदर्शन स्थलहरूका परिचय दिएको थियो।

यस वर्षमा डिचिंगको 'एक मोबाइल फोनबाट युन्नानको भ्रमण' अफ लाइनका उत्पादनहरू '५, ६, ७, ८ र ९' को रूपमा संक्षेप गर्न सकिन्छ।

यी अफ लाइन उत्पादनहरू यस प्रकार छन्: बलागजुंग संगीत समारोह र शाङ्ग-ला घोडे जात्रा आदि ५ वटा उत्सवहरू, गुराँस यात्रा, मट्सटेक यात्रा, चरा अवलोकन यात्रा आदि ६ वटा विषय यात्रा, कुनमिङ-दाली-लिजिआङ-शाङ्ग-ला-यानजिंग-ल्हासा आदि ७ वटा स्व-ड्राइभिंग मार्गहरू, मेली हिमालदेखि युबेंग पर्वतसम्म आदि ८ वटा पैदल यात्रा मार्गहरू, युबेंग गाउँ सहित ९ वटा ग्रामीन यात्रा प्रदर्शन स्थलको निर्माण आदि।

त्यसपछि, डिचिंग अंचलले पर्यटन गन्तव्यको निर्माण, पर्यटन उत्पादनको रूपान्तरण, पर्यटनसम्बन्धी सार्वजनिक पूर्वाधारको उन्नयन, पर्यटन व्यवस्थापन सेवा अपग्रेड र बुद्धिमान् पर्यटन निर्माण आदि पाँच प्रमुख पक्षहरूबाट शुरु गरी व्यापक रूपमा डिचिंग 'पर्यटन क्रान्ति' का नौ वटा प्रमुख परियोजनाहरू लागू गरिदिने र डिचिंग अंचललाई युन्नान प्रान्तको पर्यटन उद्योग रूपान्तरण र उन्नयनको आदर्श क्षेत्र बनाउने छ। *(वाङ ह्वान)*

*चिनियाँबाट नेपालीमा अनुवाद : ह ठाव रूङ*



संस्कृति

## 'वेल्ट एण्ड रोड- सहयोग र जित-जित' चीनको युन्नान र नेपाल फिल्म सहयोग आदानप्रदान सम्मेलन सम्पन्न

अप्रिल ८ मा 'वेल्ट एण्ड रोड - सहयोग र जित-जित' चीनको युन्नान र नेपाल फिल्म सहयोग र आदानप्रदान सम्मेलन कुनमिङमा सम्पन्न भयो। यसको लक्ष्य फिल्म र टेलिभिजन उद्योगको व्यापक आदानप्रदानबाट युन्नान र नेपालबीचको सांस्कृतिक सम्पर्क र सहयोग बढाउनु हो।

यस सम्मेलनमा नेपाल फिल्म संघका अध्यक्ष एवं नेपाल अन्तर्राष्ट्रिय फिल्म महोत्सव (एनआईएफएफ) का अध्यक्ष पटाक र युन्नान प्रान्तीय चलचित्र र टेलिभिजन उद्योग विकास एसोसिएसनका अध्यक्ष पेंग योंगले सम्बोधन गरे। पटाकले भने, नेपाल चलचित्र उद्योगको इतिहास छोटो छ र देशभरि २०० चलचित्र हलहरू छन्। चलचित्रको बजार अपेक्षाकृत सानो छ। 'हामी चीनको फिल्महरूसँग आदानप्रदान मार्फत नेपालको आर्थिक विकास बढाउनाका साथै दुई देशका जनताको बीच सांस्कृतिक आदानप्रदान बढाउन उत्सुक छौँ।' पटाकले भने, 'नेपालका धेरै जसो चलचित्रहरू लोक जीवनबाट सामग्री संकलन गर्छन्। चलचित्रहरूमा सुन्दर प्राकृतिक दृश्य र सरल तथा विविध राष्ट्रिय संस्कृति प्रतिबिम्बित छन्। मलाई विश्वास छ, फिल्मको




माध्यमबाट हाम्रो दुई देशका जनता राम्रो मित्र हुन सक्छन्।'

नेपालको जातीय परम्परा र वास्तुकलाका शैलीहरू विविध छन्। पेंग योंगले भने, युन्नानको फिल्म निर्माताहरू स्वयं नेपाल गएर स्थानीय सौन्दर्य र मानविकीको अनुभव गर्ने मेरो आशा छ। 'यस पल्टको आदानप्रदानबाट हामी नेपाल राष्ट्रिय फिल्म विभागसँग लामो समयको सहयोग गर्नेछौँ।' *(ह्व टिंगटिंग)*

# नेपाली गाउँका उत्पादनहरू 'वेल्ट एण्ड रोड' मा सामेल हुन अपेक्षित

नेपालका साना गाउँका उत्पादनहरू चीनको 'वेल्ट एण्ड रोड' सँग सम्बन्धित छ? रिपोर्टरले नेपाल वाणिज्य र उद्योग संघअन्तर्गत कृषि उद्यम केन्द्र भ्रमण गरेर सकारात्मक उत्तर सुनेको छ।

२००६ सालमा ग्रामीन अर्थ बलियो बनाउन र किसानहरूको आय बढाउन नेपाल उद्योग र वाणिज्य संघ तथा नेपाल कृषि विकास मन्त्रालयले ४ जिल्लाहरूमा 'एक गाउँ, एक उत्पादन' परियोजना सुरु गरेका थिए। हालमा यो परियोजना ५० भन्दा ज्यादा जिल्लाहरूमा विस्तृत भएर दर्जनौं प्रकारका उत्पादन र सेवाहरूको समर्थन गरेको छ। धेरै स्थानीय उत्पादनहरू यस परियोजनामा सामेल गरिएका छन्। चीनको 'वेल्ट एण्ड रोड' पहलको बारेमा जबसम्म हामी कुरा गर्छौं, सबैजना धेरै गम्भीर छन् र आशा गर्दछन् कि स्थानीय उत्पादनहरू चीनको ठूलो बजारमा प्रवेश गर्न सक्छन्। नेपाल उद्योग र वाणिज्य संघअन्तर्गत कृषि उद्यम केन्द्रका प्रमुख दिनेशले भने। नेपालमा 'चियाको राजधानी' भनिने इलाम जिल्लाबाट आएका प्रगा एक कृषि कम्पनीको अन्तर्राष्ट्रिय मार्केटिङ विभागका प्रमुख हुन्। यो मार्चको मध्यमा उनी सिचुआन प्रान्तको एक अन्तर्राष्ट्रिय चिया सम्मेलनमा भाग लिन गए। 'चीनबाट फर्केपछि मलाई अझ बढी महसुस छ कि पूर्वी नेपालको चियाको चीनमा निर्यातको ठूलो क्षमता छ। तिनीहरू धेरै मूलका हुन् र धेरै लोकप्रिय हुनसक्छन्।' उनले भने।

स्थानीय विशेष कृषि उत्पादनहरूबाहेक, 'एक गाउँ,

'वेल्ट एण्ड रोड'

एक उत्पादन' परियोजनाले किसानलाई उच्च आययुक्त सेवा परिचालन गर्न सहयोग गर्दछ। कृषि पर्यटनअन्तर्गत पारिवारिक होटलहरू पनि यस्तै सफल सेवा हो। काठमाडौँदेखि २० किलोमिटर जति टाढाको काभ्रेपलांचोक जिल्लामा ४० वर्षीय सिला र उनका पति एउटा पारिवारिक होटल चलाएका छन्। ५ भन्दा बढी वर्षदेखि 'एक गाउँ, एक उत्पादन' परियोजनाको सहयोगमा उनले आफ्नै घरबाट सुरु गरेर १७ पारिवारिक होटलहरू संचालित गरेकी छन्। हालै ७० भन्दा बढी कोठाहरू उपलब्ध छन् र दस भन्दा ज्यादा भ्रमण गाइडहरू पनि भर्ती भएका छन्। यी पारिवारिक होटलहरूले ८ हजार भन्दा बढी व्यक्तिलाई सेवा गरेका छन्। सिलाले भनिन्, पारिवारिक होटलको विशेषता के हो भने अतिथिहरूलाई स्थानीय बासिन्दा जस्तै साँच्चीकै नेपाली जीवनको अनुभव गर्ने मौका उपलब्ध गराउनु हो।

सिलाकी छिमेकी रोसलीले सिलाको होटलको राम्रो व्यवसाय देखेर गत साल उनले आफ्नो घरको दोस्रो तला होटलको रूपमा खोलिदिइन्। उनको कोठामा रिपोर्टरले एक अतिथि पुस्तिका देख्यो, जसमा इटाली, अष्ट्रेलियन, बेलायती र चिनियाँ पर्यटकहरूले धेरै कृतज्ञता र प्रशंसा लेखेका थिए। सिला र रोसलीले आफ्ना मोबाइल फोनमा चिनियाँ अतिथिहरूको फोटाहरू पत्रकारलाई देखाए। फोटामा चिनियाँ अतिथिहरू नेपाली परम्परागत लुगा लगाएर नेपाली साथीहरूसँगै स्थानीय मीठो खाना खाँदै र नाच पनि गर्दै थिए।

*(सिन्ह्वा एजेन्सी रिपोर्टर चौ शेंगपिङ)*